गढवा गाउँपालिका
Gadhawa Rural Municipality
# गाउँकार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
गढवा, दाङ
Gadhawa, Dang

०८२-४१००६४

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province Nepal

## करार सेवामा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१०/२९ गते)

प्रस्तुत विषयमा संघ सरकारको "SaMi कार्यक्रम" अन्तर्गत यस गढवा गाउँपालिकाको लागि मनोसामाजिक परामर्शकर्ता पदमा तपसिल बमोजिमको शैक्षिक योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद | तह | संख्या | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०८/०८१-०८२ | मनोसामाजिक परामर्शकर्ता | सहायक पाँचौं | १ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ्ग/ मनोविज्ञान/ समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>वा<br>SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरि सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालीम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । | |

- उमेरको हकमा दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- दरखास्त दस्तुर : रू. ७००।००
- दरखास्त दिने अन्तिम मिति : २०८१।११।१३ गते ।
- सम्पर्क मिति : २०८१।११।१८ गते ।
- परिक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
- सेवा अवधि : २०८३ साल आषाढ मसान्तसम्म ।
- तलव सुविधा : गाउँपालिकाको नियमानुसार ।
- परिक्षाको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन पश्चात लिखित ,कम्प्यूटर सम्बन्धी प्रयोगात्मक परिक्षा र अर्न्तवार्ता ।
- अन्य प्रचलित कानून द्वारा अयोग्य नभएको ।
- दरखास्तमा संलग्न गर्नुपर्ने : उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि(भएमा), चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कम्प्यूटर सम्बन्धी Basic Course को प्रमाणित प्रतिलिपि, ३ प्रति पासपोर्ट साईजको हालसालै खिचिएको फोटो संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएको तथा लाई विशेष प्राथमिकता दिईनेछ ।
- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email/Internet) तथा नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने हुनुपर्नेछ ।
- अन्य व्यवस्था "सुरक्षित आप्रवासन कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन, २०८१" बमोजिम हुनेछ ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार समृद्ध गढवा गाउँपालिकाको आधार"

ito.gadhawagaupalika@gmail.com & gadhawagaunpalika@gmail.com
www.gadhawamun.gov.np

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
गढवा दाङ

सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्ता सहायकस्तर पाँचौ सेवा करारको माध्यमबाट पदपूर्ती गर्नको लागि तयार गरिएको परिक्षा पाठ्यक्रम

१. प्रथम चरण
   क) प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन — पूर्णाङ्क ८०
   ख) मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई प्राथमिकता अनुरुप — पूर्णाङ्क ५
२. द्वीतीय चरण
   लिखित चरण — पूर्णाङ्क ६०
३. अन्तिम चरण
   क. कम्प्युटर प्रयोगात्मक — पूर्णाङ्क २५
   ख. अन्तर्वार्ता — पूर्णाङ्क ३०

## प्रथम चरण : प्रारम्भिक योग्यता परिक्षण तथा प्रमाणपत्र परिक्षण

| विषय | | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| प्रथम चरण | प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन | ८० | गढवा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ बमोजिम |
| | मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिने तालिम | ५ | तालिम प्राप्त गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र पेश गरेमा, (न्युनतम योग्यताको हकमा यस वापतको अंक प्रदान नगरिने) |

## द्वीतीय चरण : लिखित परिक्षा

| विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परिक्षा प्रणाली | प्रश्न संख्या*अङ्क | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धी | ६० | २४ | बस्तुगत वहुवैकल्पिक प्रश्न | ३० प्रश्न*२ अङ्क = ६० अङ्क | ३० मिनेट |

## अन्तिम चरण : प्रयोगात्मक र अन्तर्वार्ता

| विषय | पूर्णाङ्क | परिक्षा प्रणाली | समय |
|---|---|---|---|
| कम्प्युटर प्रयोगात्मक | २५ | प्रयोगात्मक | |
| अन्तर्वार्ता | ३० | मौखिक | |

द्रष्टव्य

१. प्रथम चरणको प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उम्मेदवारलाई मात्र द्वितीय चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

२. द्वितिय चरणको लिखित परीक्षाबाट उत्तीर्ण उम्मेदवारलाई मात्र अन्तिम चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

३. प्रथम चरणको प्रारम्भिक योग्यताक्रमको सूचीबाट प्राप्त अंक, लिखित परीक्षाबाट प्राप्त अंक र अन्तिम चरणको कम्प्यूटर प्रयोगात्मक र अन्तर्वार्ताबाट प्राप्त कूल अंक योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

## मनोसामाजिक परामर्शकर्ता (सहायकस्तर पाँचौ) पदको लिखित परीक्षाको पाठ्यक्रम

### क) सेवा सम्बन्धी

१. सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन, २०७९
२. बैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४
३. बैदेशिक रोजगार नीति, २०६८
४. रोजगारको हक सम्बन्धी ऐन २०७५
५. बैदेशिक रोजगारमा देखिएका सकारात्मक र नकारात्मक प्रभावहरु
६. वैदेशिक रोजगारमा संलगन् घर परिवारमा देखिने मनोसामाजिक समस्या तथा समस्या समाधानका उपायहरु
७. मनोसामाजिक परामर्शको परिभाषा उद्देश्य र चुनौतिहरु, मनोपरामर्शकर्तामा हुनुपर्ने गुणहरु, भूमिका र जिम्मेवारी
८. स्थानीय सामाजिक परिवेश तथा भूगोल सम्बन्धी सामान्य जानकारीहरु
९. मनोसामाजिक परामर्श दिने व्यक्तिसंग सीप तथा दक्षता सम्वन्धि
१०. पारिबारिक बिखण्डनबाट जोगिन र बालबालिकाहरुलाई हुर्किनको लागि सहज पारिवारिक बातावरण बनाउने तरिकाहरु
११. समाजमा भैरहेको घरेलु हिंसामा पिडितले पाउने सेवा तथा सहयोग बारे
१२. मनोसामाजिक समस्या आउनै नदिन के कस्ता तयारी व्यक्ति समाज तथा परिवारले गर्न सक्दछ
१३. विभिन्न खाले मनोसामाजिक समस्याहरुसँग सामना गर्ने सिपको बिकाश सम्वन्धि
१४. आत्महत्याको जोखिमको लेखाजोखा गरी आत्महत्या रोकथामका उपाय तथा भूमिका
१५. वैदेशिक रोजगारमा रहेका व्यक्ति, तिनीहरुको परिवारमा निम्त्याएको आघातजन्य वा मनोसामाजिक समस्याबाट उनिहरुलाई समुदायमा पुनस्थापित गर्न सहयोग गर्ने तरिकाहरु
१६. व्यक्तिगत तथा सामुहिक परामर्श सेवा, पाठ योजना, सहजिकरण सम्वन्धि ज्ञान तथा सीप
१७. हरेक परामर्श गरेका व्यक्तिको गोपनियता सुनिश्चीता गर्ने उपाय तथा तरिका
१८. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका व्यवस्थाहरु तथा प्रावधानहरु, नेपालको संविधानमा वैदेशिक रोजगार संवन्धि भएका व्यवस्थाहरु
१९. मानसिक स्वास्थ्य केहो र यसको बारेमा आम जनमानसलाई कसरी बुझाउन सकिन्छ ।
२०. परामर्शका परिभाषा, उदेश्य, परामर्श दिनुका कारणहरु, असल परामर्शमा हुनु पर्ने गुणहरु,
२१. वैदेशिक रोजगारका परिभाषा, समस्याहरु, चुनौतहिरु, फाइदा तथा बेफाइदाहरु, जानका कारणहरु, बैदेशिक रोजगार संवन्धी ऐन, नियमावली, निर्देशिकाहरु, बैदेशिक रोजगारका प्रक्रिया, चरण, चक्र,
२२. अप्रवासन सम्वन्धि अवधारणा
२३. श्रम ऐन, संघिय सरकारले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउँन गरेका प्रयासहरु,
२४. नेपालमा वैदेशिक रोजगारीको अवस्था र सरकारले नेपालमा नै रोजगारी गर्ने बातावरण बनाउनका लागि गरेका प्रयास
२५. बैदेशिक रोजगारका लागि खुल्ला गरेका देशहरु,
२६. काम गर्ने क्रममा कर्मचारी, संस्था, पालीकाहरु द्वन्धात्मक अवस्था आएमा समाधान उपायहरु
२७. वैदेशिक रोजगारमा महिलाहरुको चुनौति, अवसर,
२८. वैदेशिक रोजगारले पारेका सामाजिक असरहरु, यस्तो निराकरणका लागि उपाय
२९. सामाजिक समावेशिकरण तथा लैगिक अवधारणहरु, बिप्रेपन व्यवस्थापन, परिवार व्यवस्थापनका उपाहरु,
३०. कुलत, लागु औषध दुर्व्यशनीमा फसेकाहरुको पुनस्थापनाको लागि परासर्शकर्ताको जिम्मेबारी
३१. समुह कार्यको महत्व र सम्वन्ध विस्तारका उपायहरु

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

ख) कम्प्यूटर सम्बन्धी प्रयोगात्मक

1. Computer fundamental
2. Operating system
3. Word processing
4. Electronic Spreadsheet
5. Database management system
6. Power point presentation
7. Internet Browsing and Website management
8. English and Nepali typing

कार्यपालिकाबाट पाठ्यक्रम स्वीकृत मितिः २०८१/१०/२८

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल